# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

स्याङ्जा

गण्डकी प्रदेश,नेपाल

प.सं.:२०७९।८०

च.नं.:

मिति: २०८०।०१।०५

**वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रमको लागि लाभग्राही सूचीमा सुचिकृत हुन निवेदन दिन सम्बन्धि सूचना।**

रोजगारीको खोजिमा नेपालीहरु विदेश जाने क्रम बढदो रहेको अवस्थामा वैदेशिक रोजगारीको क्रममा व्यक्तिहरुले आर्जन गरेको ज्ञान, सीप, अनुभव तथा सिकेको प्रविधिकलाइ प्रयोग गरी रोजगारी एवं स्वरोजगार हुने तथा अन्य रोजगारीमा संलग्न हुने अवसर प्राप्त नहुने हुदाँ पुन वैदेशिक रोजगारीमा जानु पर्ने स्थितिको अन्त्य गर्नको लागि वैदेशिक रोजगारीबाट फर्केका नेपाली नागरिकको ज्ञान, सीप, पूँजी र प्रविधिलाई राष्ट्र हितको लागि उपयोग गर्न र स्वदेशमै रोजगारी र स्वरोजगारीको अवसर सृजना गर्ने उद्देश्यका साथ नेपाल सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुन एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

उक्त निर्देशिका बमोजिम वैदेशिक रोजगार वोर्डको सचिवालय र पुतलीबजार नगरपालिकाको साझेदारीमा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन एकीकरण कार्यक्रम(उद्यमशीलता प्रवर्द्धन हुने कार्यक्रम) सञ्चालन गर्न लागिएको हुदाँ उक्त कार्यक्रममा सहभागि हुन इच्छुक वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले **एक (१) हाप्ता** सम्ममा रोजगार सेवा केन्द्र वा वडा कार्यालयमा गइ उक्त निर्देशिकाको अनुसूची ३ बमोजिमको ढाँचामा तपशिल बमोजिमका कागजात सहित पुनः एकीकरण कार्यक्रमको लाभग्राही सूचीमा सूचीकृत हुनका लागि निवेदन दिनुहुन यो सुचना प्रकाशन गरिएको छ।

तपशिल:

१. नेपाली नागरिकताको प्रतिलिपि

२. राहदानीको प्रतिलिपि

३. रोजगारीको क्रममा कुनै सीप सिकेको भए प्रमाणपत्रको प्रतिलिपि

४. पासपोर्ट साइजको फोटो

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका वडा नं. १, गण्डकी प्रदेश प्रदेश, नेपाल, फोन नं. :०६३-४२०४०८
E-mail:info@putalibazarmun.gov.np, putalibazarmun@gmail.com, Website : www.putalibazarmun.gov.np

अनुसूची ३

दफा १५ को उपदफा १ सँग सम्बन्धित

लाभग्राहीमा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

श्रीमान् रोजगार संयोजक ज्यू,
रोजगार सेवा केन्द्र
पुतलीबजार नगरपालिका, स्याङ्जा ।

विषयः लाभग्राहीमा सूचीकृत गरी पाउँ ।

उपर्युक्त सम्बन्धमा म..............................वैदेशिक रोजगारीको क्रममा....................देश गई ..................... रोजगारीमा गई.......................... सीप /ज्ञान हासिल गरी नेपाल फर्कि पुनः एकीकरण कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले लाभग्राहीमा सूचीकृत हुनका लागि यो निवेदन पेश गरेको छु ।

१. निवेदकको:

क) नाम थरः
ख) स्थायी ठेगानाः
ग) अस्थायी ठेगानाः
घ) राहदानी नं
ङ) नागरिकता नं
च) श्रम स्वीकृति लिएको मितिः
छ) काम गर्न गएको मितिः
ज) रोजगारीको लागि गएको देशः
झ) सहजीकरण गर्ने वैदेशिक रोजगार व्यवसायीको नामः
ञ) नेपाल फर्किएको मितिः
ट) रोजगारीको प्रकारः
ठ) हासिल गरेको सीप/ ज्ञानः
ड) करार अवधिः
ढ) सहभागी हुन इच्छुक पुनः एकीकरण कार्यक्रमको प्रकारः
ण) मनोसामाजिक परामर्श आवश्यक पर्ने /नपर्नेः

२. बाबु आमाको नामः
३. पति पत्नीको नामः
४. संलग्न कागजातहरुः

माथी पेश गरेको विवरण ठीक साँचो छ । फरक पर्न गएमा कानुन बमोजिम सुहँला बुझाउँला ।

| दायाँ | वायाँ |
|---|---|
| | |

**निवेदक:**

हस्ताक्षरः

नाम थरः

वडा नः

निवेदन दिएको मितिः

सम्पर्क नं: